जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन
## साप्ताहिक
व.वि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४२ अंक २९ २०८० साल फागुन २० गते आइतवार (3 Mar. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – पृष्ठ २ मा : नेता महतोद्वारा राष्ट्रिय मुक्ति क्रान्ति ... पृष्ठ ३ मा : पतनको दिशामा औपचारिक ... पृष्ठ ४ मा : क्षयरोग विरुद्धको लडाईमा ... पृष्ठ ५ मा : दुग्ध उत्पादक किसान ...

# वर्तमान सरकारले निरन्तरता पाइराखे भने आलोपालोमै काँग्रेसको पनि पालो आउछ : मन्त्री यादव

**राजविराज**/मधेश प्रदेशका भौतिक तथा पूर्वाधार मन्त्री कृष्ण यादवले वर्तमान गठबन्धनकै सरकारले निरन्तरता पाइराखे भने सहमति भए अनुसार नै काँग्रेसले पनि सरकारको नेतृत्व गर्ने अवसर पाउने दाबी गरेका छन् ।

शनिबार सप्तरी सदरमुकाम राजविराज आएका नेपाली काँग्रेस मधेश प्रदेशका सभापति समेत रहेका मन्त्री यादवले संचारकर्मीहरुसँगको भेटघाटका क्रममा यस्तो बताएका हुन् ।

एमाले प्रदेश सरकारबाट बाहिरिएपछि प्रधानमन्त्रीसँग भएको छलफलमा कांग्रेसले पनि सरकारको नेतृत्व गर्ने अवसर पाउने बताउँदै मन्त्री यादवले भने, "प्रधानमन्त्रीले भने, यो मुख्यमन्त्रीलाई निरन्तरता दिनुस, अब अर्को आलोपालो मै सरकार जाने हो, अर्को बैठकमा छलफलबाट टुङ्गो लगाउँला, यो कुरा निश्चित छ, यही गठबन्धन अगाडीसम्म बढ्दै गयो भने आलोपालोमै नेपाली काँग्रेसको पनि पालो आउछ ।"



मधेश प्रदेशलाई समृद्ध प्रदेश बनाउने काँग्रेसले जमर्को बोकेकोले आलैपालैमै प्रदेश सरकारको नेतृत्व गर्ने निर्णय भए अनुसार नेपाली काँग्रेसले अबको नेतृत्व गर्ने अवसर पायो भने मधेश प्रदेशमा सरकारको अनुभूति दिलाउने उनको दाबी छ ।

उनले ६ वर्षसम्म जसपाको नेतृत्वको सरकारबाट प्रदेशका जनताले के अनुभुति गऱ्यो भन्ने कुरा जनताले बताउने उल्लेख गरे ।

### महिलाले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड

शनिबारै राजविराजमा आयोजित सामाजिक रूपान्तरण बि.पी. को विचार स्थानीय सांस्कृतिक कला तथा सम्मान कार्यक्रमका प्रमुख अतिथी मन्त्री यादवले आर्थिक समृद्धि बिना कुनै पनि क्षेत्रमा समृद्धि असम्भव भएकोले यसका लागि महिलाले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिएका छन् ।

महिलाले ५ हजारमात्र आम्दानी गरेपनि घरको समृद्धिको लागि लगानी गर्दै आएकोले महिलाले परिवार प्रति ठूलो जिम्मेवारी निर्वाह गर्दै आएको उनको भनाई छ ।

नेतृत्वले मधेस प्रदेश समृद्धि नचाहेकोले अब आउने दिनमा मधेस मात्र नभएर मधेस प्रदेश समृद्धि बनाउने दाबी उनले गरे ।

सोह कार्यक्रममा वरही विरपुरकी १ सय २८ वर्षिया अमरोदी यादव, प्रमुख अतिथी, पत्रकार सुधा देव, करूणा झा, विन्दु यादव, केदारप्रसाद देव, पूर्व प्रअ जितेन्द्र नारायण देव, शुभनारायण मण्डल, राजदेव साह, सुजाता देव, सर्वेश्वरी झा लगायत ३१ जनालाई सम्मान गरिएको थियो ।

बि. पी विचार समाजका अध्यक्ष रामकुमार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेस प्रदेशका सहमहामन्त्री बिन्दु यादव, परशुराम चौधरी, जिल्ला सभापति रामदेव साह, गैससका वरिष्ठ उपाध्यक्ष ध्रुव देव, फत्ते मोहम्मद नेपाली कांग्रेसका जिल्ला सचिव सनत मण्डल, प्रभुनारायण चौधरी, भुवनेश्वर साह, मधेस प्रदेशका सचिव शम्भु यादव, जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह, कांग्रेसका नेता अर्जुन साह, तिरहुत गाउँपालिकाको अध्यक्ष विजय यादव, आयोजकको तर्फबाट रंजु साह, ममता देव,ज्योति देव लगायतले आफ्ना धारणा राखेका दिए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष शम्भु देवले स्वागत मन्तव्य दिएका थिए ।

बि.पी विचारका सचिव गुलाव अंसारीद्वारा संचालित कार्यक्रम नृत्य तथा गायन प्रस्तुत गरिएको थियो ।

# महाशिवरात्रीमा १ लाख २५ हजार दीपप्रज्वलन तथा महाआरती हुने

**राजविराज**/नजिकिदै गरेको महाशिवरात्री पर्वका लागि राजविराज ७ स्थित हरिनन्देश्वर महादेव मन्दिरमा तयारी तिब्र पारिएको छ ।

फागुन २५ गते शुक्रवारका दिन परेको महाशिवरात्रीको अवसरमा एक लाख भन्दा बढी श्रद्धालु आउने अनुमानसहित आवशयक तयारी सुरु गरिएको हो ।

मन्दिर संरक्षण तथा सम्बर्द्धन समितिका अध्यक्ष ध्रुव प्रसाद देवको अध्यक्षतामा बसेको बैठकले महाशिवरात्रीका आवश्यक तयारी शूरु गरेको छ ।

महाशिवरात्रीको तयारीका लागी रंगरोगन, सरसफाई, मञ्च व्यवस्थापन, दिपोत्सव, महाआरती लगायतका काम अघि बढाउन विभिन्न उपसमिति समेत गठन गरिएको अध्यक्ष देवले बताए ।

मन्दिरको रंगरोगनको जिम्मा राजविराज नगरपालिकाले लिएको समितीका सदस्य संजय कुमार झाले बताए । भक्तजनलाई व्यवस्थित तरिकाले दर्शन गर्ने व्यवस्थाका लागी स्वयसेवकका साथै जिल्ला प्रहरी कार्यालयको समन्वयमा सुरक्षा व्यवस्था मिलाईने तयारी भएको अध्यक्ष देवले बताए ।

मुल पुजारी महेश्वर भारतीले यस पल्ट मन्दिर परिसरमा भजन, किर्तन, अष्ट्याम लगायतका धार्मिक कार्यक्रमका साथै १ लाख २५ हजार दीपप्रज्जवलन तथा महाआरती कार्यक्रमको समेत आयोजना गर्ने निर्णय भएको जानकारी दिए ।

बोलबम ! बोलबम !! बोलबम !!!





यही मिति २०८० साल फाल्गुन २५ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी ब्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पुण्यको भागी बनौं ।

अनुरोधकर्ता
श्री हरिनन्देश्वर महादेव मन्दिर
संरक्षण, सम्बर्द्धन समिति, राजविराज

# निजामति कर्मचारी संगठनको तिलाठी कोइलाडी समिति गठन



**राजविराज**/सप्तरीको तिलाठी कोईलाडी गाउपालिकामा शनिवार नेपाल निजामति कर्मचारी संगठनको पालिका स्तरिय समिति गठन गरिएको छ ।

स्वास्थ्य चौकी को. बर्साइनका प्रमुख मनोज प्रसाद देवको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरिएको हो । समितिको उपाध्यक्षमा संगिता कुमारी साह, सचिवमा राजकुमार मण्डल र कोषाध्यक्षमा मनोज कुमार मण्डललाई सर्वसम्मतले चयन गरिएको छ ।

यसैगरी सदस्यमा दिपक कुमार साह, विसुनदेव साह, जयप्रकाश साह, रामसेवक मण्डल पप्पु, राम दिपा मिश्र र रविन्द्र यादवलाई चयन गरिएको संगठनका जिल्ला अध्यक्ष शैलेश कुमार मिश्रले जानकारी दिए ।

संगठनका जिल्ला अध्यक्ष शैलेश कुमार मिश्रको अध्यक्षता तथा केन्द्रीय उपाध्यक्ष प्रभाष साहको प्रमुख आतिथ्यमा आयोजित उदघाटन सत्रमा संगठनका जिल्ला उपाध्यक्ष अनिता चौधरी, राष्ट्र सेवक बहुमुखी सहकारी संस्थाका अध्यक्ष शत्रोहन दास सहितकाले शुभकामना व्यक्त गरेका थिए ।

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याव, ल्यापटप आदि) को अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकूल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### वायु प्रदुषण रोक्न एक व्यक्ति एक बिरुवा रोप्ने बानी बसालौं

जलवायु परिवर्तनका कारण अहिले सबै प्राकृतिक संरचना तहसनहस भइरहेको छ । प्राकृतिक संरचना अनुसारको कुनै कार्य भइरहेको छैन् । सबै त्यसको विपरीत भइरहेको छ । बढ्दो वायु प्रदर्शनले विश्वमा सबै कुरा प्रभावित भइरहेको छ । विगतको तुलनामा एक दशकदेखी तापमानमा वृद्धि हुँदै गएको छ । वन फँडानी र चुरे दोहनका कारण पनि खासगरी तराई मधेशका शहरी क्षेत्रहरुमा यसको प्रभाव बढी देखिएको छ भने ग्रामीण क्षेत्रहरुमा पनि नकारात्मक प्रभाव बढेको छ । प्रकृति नै असन्तुलित हुँदै गएको छ ।

अत्याधिक गर्मीका कारण सबैतिरको जनजिवन प्रभावित बन्दै गएको छ । अहिले वायुमण्डलमा तातो हावा चलिरहेको छ, घाम निकै चर्को रहेको कारण गर्मी अत्यन्तै बढेर गएको छ । गर्मीका कारण जनजीवन अस्तव्यस्त छ । वर्षा न्यून हुँदै गएको छ जसले गर्दा उत्पादनमा ह्रास आइरहेको छ । बढ्दो कलकारखानाका प्रदुषण, यातायातका प्रदुषण, वनजंगल फँडानी र प्राकृतिक सम्पदाको विनाशका कारण नै ग्लोबल वार्मिङ्ग बढिरहेको छ ।

अहिलेको यस्तो अवस्था आउनुको मुख्य दोषि हामी मानिस स्वयम छौं । वन जंगल फडानी हुनु तर त्यसको स्थानमा नयाँ बिरुवा नरोप्नु नै हो । तसर्थ वायु प्रदुषण रोक्न हामी आजैबाट प्रत्येक एक व्यक्ति एक बिरुवा रोप्ने बानी बसालौं ।

# नेता महतोद्वारा राष्ट्रिय मुक्ति क्रान्ति अभियान संचालन

**काठमाडौं**/लोसपा परित्याग गरेर राष्ट्रिय मुक्ति क्रान्ति अभियान संचालन गरेका नेता राजेन्द्र महतो काठमाडौंस्थित माइतीघरको निषेधित क्षेत्र तोड्ने क्रममा घाइते भएका छन् । उनी उपचार पश्चात् घर फर्किएका छन् । सो क्रममा प्रहरीसँग भएको झडपमा परी उनी घाइते भएका थिए ।

अभियानका संयोजक समेत रहेका नेता महतो जुलुस लिएर माइतीघर जाने क्रममा प्रहरी र प्रदर्शनीकारीबिच भएको झडपमा घाइते भएका थिए ।




यसअघि लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) परित्याग गरि उनले राष्ट्रिय मुक्ति अभियान संचालन गर्ने उदघोष गरेका थिए । उनी सो पार्टीमा वरिष्ठ नेता थिए ।

उनले पत्रकार सम्मेलन आयोजना गरि अभियान घोषणा गरेको र आफू वैकल्पिक शक्ति निर्माणमा लागेको भन्दै विचार मिल्नेहरु जोसुकै पनि अभियानमा जोडिने सक्ने बताए ।

यस्तै महतोले बहुल राष्ट्रिय राज्य व्यवस्थाको माग अघि सारेका छन् । 'देशमा एकल राष्ट्रिय राज्यको चिन्तन सोचबाट संविधान निर्माण र राज्यको सञ्चालन भई रहेको कारणले नेपाल सबै नेपालीको लागि बन्न सकेन', महतोले पत्रकार सम्मेलनमा वितरण गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपाली समाजको सत्वसँग मेल नखाने यिनीहरूको वैचारिकी धरासायी गराएपछि मात्र स्वदेशीय सभ्यताको आत्मिक जगमा बहुल राष्ट्रिय राज्य व्यवस्थाको निर्माण सम्भव छ । नेपाल राज्यको प्राकृतिक सत्ता भनेको बहुल राष्ट्र राज्य हो, सो तर्फ नेपालको राजनीति स्वाभाविक रूपले अगाडि बढ्छ नै ।'

## शिक्षा क्षेत्रलाई सुधार गर्नेतर्फ ध्यानाकर्षण

**राजविराज**/सप्तरी युथ नेपालले शिक्षा क्षेत्रलाई सुधार गर्नेतर्फ प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएको छ ।

जिल्लाको शिक्षा क्षेत्र दिनप्रतिदिन धरासायी बन्दै जानु चिन्ताको बिषय भएको भन्दै युथ नेपालले मंगलबार प्रमुख जिल्ला अधिकारी किरण थापालाई ज्ञापन पत्र बुझाएको छ ।

'सरकारी शिक्षा स्थानीय तहको जिम्मा लगाइएपछि राम्रो हुने अपेक्षा सबैले गरेका थिए । तर, झन् बर्बादतर्फ उन्मुख भइरहेको कुरालाई नकार्न सकिन्न' ज्ञापनमा भनिएको छ, 'पछिल्ला दृष्टान्तहरु हेर्ने हो भने विद्यालयको अनुगमन नहुने, शिक्षक र विद्यार्थीको समयमा विद्यालयमा उपस्थिति नहुने क्रम बढेको छ । अर्कोतर्फ पालिकाले समयमा शिक्षक, कर्मचारीको तलव नदिने अवस्था समेत देखिएको छ । यसले सामुदायिक शिक्षा अझ कमजोर बन्दै गएको अवस्था छ ।'

सामुदायिक विद्यालयको अलाबा प्लस टू र कलेजहरुमा पनि पढाई भइनरहेको ज्ञापनमा भनिएको छ । 'कतिपय ठाउँमा शिक्षकको चरम अभाव छ, भएको ठाउँमा पनि नियमित पढाई भइरहेको छैन' ज्ञापनमा भनिएको छ, 'कतिपय कलेजमा त जथाभावी घरमा बसिरहने व्यक्तिको पनि नाम दर्ता गराई परीक्षामा मात्रै सामिल गराउने काम भइरहेको छ ।'

शिक्षा क्षेत्रमा देखिएका यस्ता समस्या समाधान गर्न अभिभावकको नाताले ध्यान दिन प्रमुख जिल्ला अधिकारीसँग आग्रह गरिएको छ ।

## एम्बुलेन्सबाट गाजा बरामद

**सुनसरी**/सुनसरी सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ गणले एम्बुलेन्सबाट २ क्वीन्टल ७३ किलो १३० ग्राम गाँजा बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश चतराबाट सशस्त्र प्रहरी निरीक्षक बिग बहादुर गोलेको कमाण्डमा खटिएको टोलीले सुनसरीको बराहक्षेत्र नगरपालिका १ चतराबाट सूर्यकुण्डतर्फ जाने भित्री सडक खण्डमा शंकास्पद अवस्थामा रोकिराखेको को.१च. २९३७ नम्बरको एम्बुलेन्स चेकजाँचका क्रममा ९ वटा पोकामा लुकाएर राखेको अवस्थामा गाँजा बरामद गरेको हो ।

बरामद एम्बुलेन्स र गाँजा थप अनुसन्धान तथा कारबाहीका लागि इलाका प्रहरी कार्यालय महेन्द्रनगर चक्रघट्टीमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ गण सुनसरीका गणपति समेनन्द बज्राचार्यले जानकारी दिए ।

## शंकास्पद वस्तु विस्फोटमा परी तीन जनाको मृत्यु

**बारा**/बाराको निजगढमा शंकास्पद वस्तु विस्फोटमा परी तीन जनाको मृत्यु भएको छ ।

विस्फोटमा परी घाइते भएका वीरगञ्ज ९ का रितु रजत, वर्कसप सञ्चालक ४५ वर्षका रेशम र भारतका राकेश जैसवालको उपचारका क्रममा मृत्यु भएको हो ।

निजगढ नगरपालिका ७ मा रेशम मगरले सञ्चालन गरेको रोहित वर्कसपमा ग्याँस वेल्डिङ गर्ने क्रममा सोमबार विस्फोट भएको थियो ।

सोही घटनामा घाइते भएका निजगढका सूर्यबहादुर थापा, वीरगञ्जका फिरोद देवान र भारतका अरविन साहको बयोधा अस्पतालमा उपचार भइरहेको छ ।

बारा प्रहरीका अनुसार घटनाको अनुसन्धानका क्रममा कवाडी किन्ने भारतका रमेश जैसवाल र निजगढका टिकाराम पाख्रिनलाई पक्राउ गरेको छ ।

## भन्सार छलेर ल्याउँदै गरेको आइफोन र मोवाइल बरामद

**राजविराज**/ प्रहरीले भन्सार छलेर नेपाल ल्याउँदै गरेको आइफोन र मोवाइलसहित एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ५ बस्ने १९ वर्षिय उमर फारुक आलम छन् ।

भारतबाट अवैध रुपमा भन्सार छलेर ल्याउँदै गरेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल बि.ओ.पी. बेल्ही सप्तरीबाट खटिएको टोलिले जिल्लाको बलानबिहुल गाउपालिका ४ बोर्डर ईलाकास्थितबाट पक्राउ गरेको हो ।

भारतबाट मोटरसाइकलमा सवार आलमका साथबाट चेकजाच गर्दा आइफोन र मोवाइल बरामद गरेको सशस्त्र प्रहरीले जनाएको छ । प्रहरीका अनुसार आलमले बोकेको झोलामा चार थान विभिन्न मोडेलका आइफोन, एक थान सामसुङ मोबाइल र मोटरसाइकल सवारसहित अन्दाजी ४ लाख २० हजार मुल्य बराबरको सामान बरामद भएको छ ।

बरामद सामान र त्रफाउ परेको आलमलाई नियन्त्रणमा लिइ आवश्यक कारबाहीका लागि आइतबार राजबिराज भन्सार कार्यालय बेल्ही सप्तरीमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

## एक सय ८३ अनलाइनलाई कारबाही

**काठमाडौं**/प्रेस काउन्सिल नेपालले १ सय ८३ अनलाइनलाई कारबाही गरेको छ । हुबहु समाचार चोरी गरि प्रकाशन गर्ने ती अनलाइनलाई कारवाही गरिएको काउन्सिलले जनाएको छ ।

बुधबार एक विज्ञप्ति जारी गर्दै काउन्सिलले पछिल्लो डेढ वर्षको अवधीमा हालसम्म समाचार हुबहु चोरी गरी कपि पेस्ट गर्ने, अनुमति नलिने १ सय ८३ अनलाइन सञ्चार माध्यम तथा वेबपोर्टललाई कारबाही गरेको जनाएको हो ।

कारबाहीमा परेकामध्ये १ सय ४३ सञ्चार माध्यमलाई स्पष्टीकरण सोधिएको, ११ वटालाई सचेत गराइएको विज्ञप्तिमा उल्लेख छ ।

'स्पष्टीकरण सोधिएका अधिकांश मिडियाबाट आगामी दिनमा त्यस्तो कार्य नगर्ने भनी प्रतिबद्धतासहित जवाफ पेस भएको थियो । मिडियाका रुपमा दर्ता/सूचीकरण नभएका २९ वेबपोर्टललाई आवश्यक कारबाहीका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार भइसकेको छ ।' काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराद्धारा जारी विज्ञप्तिमा भनिएको छ ।

काउन्सिलमा २०८० साउनदेखि फागुन १५ गतेसम्म विभिन्न मिडिया विरुद्ध २२० वटा उजुरी, १२ जनगुनासा दर्ता भएका छन् । पछिल्लो तीन महिनामा ५१ उजुरी, २ जनगुनासोसहित ५३ वटा उजुरी दर्ता भएको छ भने यस अवधिमा अघिल्लो आ.व. समेतको गरी १६० वटा उजुरी फर्छ्यौट भएका छन् ।

बुधवार प्रेस काउन्सिल पत्रकार आचारसंहिता अनुगमन उपसमितिको बैठकसमेत बसेको थियो । बैठकले हुबहु प्रवृत्ति निरुत्साहित गर्न थप कारबाहीको प्रकृया अघि बढाउने निर्णय गरेको छ । बैठकमा ८९ वटा मिडियालाई सचेत गराउने निर्णय भएको छ ।

काउन्सिलले मूल स्रोतको अनुमति बिना स्रोत उद्धृत नगरी सामग्री हुबहु सम्प्रेषण नगर्न/नगराउन सञ्चार माध्यम, आम पत्रकार, सञ्चारकर्मीलाई आग्रह समेत गरेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# पतनको दिशामा औपचारिक पाठ्यक्रम

**टेकेन्द्र कुमार महतरा**

बबिटले आधुनिक पाठ्यक्रमको सिद्धान्तको प्रतिपादन गरेको धेरै समय भएको छैन । संसारका औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्ने निकायले पाठ्यक्रमलाई शिक्षा प्रणाली वा शैक्षिणिक पद्धतिको मेरुदण्ड माने पनि आजको समयमा व्यावहारिक दृष्टिकोणबाट हेर्दा बबिटले परिभाषित गरेको औपचारिक पाठ्यक्रमको अवधारणा दिन प्रतिदिन स्खलित हुँदै गइरहेको छ । यसो भन्दा यथास्थितिवाद तथा संरचनावादमा विश्वास गर्ने विद्वत् वर्गले कुनै पनि हालतमा पचाउन सक्ने छैनन् तर निकट भविष्यमा औपचारिक कठोर पाठ्यक्रमको मान्यता अवश्य पतन हुनेछ भन्ने तर्कमा खास अर्थ छ भनेर दाबी गर्न सकिन्छ ।

विद्यालय र विश्वविद्यालयमा बनाइने कठोर प्रकृतिको औपचारिक पाठ्यक्रम केही तथाकथित विद्वान्हरूको संरचनावादी सोचको उत्पादन हो । त्यस्तो संरचनावादी सोचले उत्पादन गरेको औपचारिक पाठ्यक्रम सिकारुमुखी नभई ज्ञानमुखी बन्दछ भन्नेतर्फ सोच्दा आलोचनावादी नभई समालोचनावादी तर्क हो भन्ने मान्यता दिन प्रतिदिन बलियो बन्दै गएको छ । कठोर औपचारिक पाठ्यक्रमले ज्ञानको हस्तान्तरणलाई जोड दिन्छ भने भिगोस्की र पियाजेको ज्ञानको पुनर्निर्माण भन्ने सिद्धान्तलाई नकार्छ । अहिलेको समय भनेको ज्ञानको पुनर्निर्माण, सीपको पुनर्संगठन, धारणाको पुनः प्राप्ति र अनुभवको पुनर्संयोजनको समय हो ।

औपचारिक कठोर प्रकृतिको पाठ्यक्रमले सिकाइलाई यान्त्रिकीकरण गरायो, शिक्षकलाई निर्धारित पाठ्यक्रमले सिफारिस गरेको भूमिका मात्र निर्वाह गर्ने नाटककार बनायो, सिकारुलाई घोकन्ते विधार्जन गर्ने सुगा बनायो । यस्तो पाठ्यक्रमले सिकारुलाई कहिले पनि एक सामाजिक, सांस्कृतिक, सिर्जनात्मक, वैयक्तिक मानव हो भन्ने सोचेन । यसले सिकारुलाई पाठ्यक्रमको दास बनायो भने शिक्षकलाई ज्ञान, सीप तथा अनुभवको ठेकेदार बनायो ।


दुई-चारजना कोठे विद्वान्ले तय गरेको सिकाइको विधान आम सिकारुको जीवनको मार्गदर्शक बन्न सक्दैन । डेढ-दुई सय वर्ष पुराना विषयवस्तुलाई घोक्न बाध्य बनाउने औपचारिक पाठ्यक्रमले सिकारुमा निहित सिर्जनात्मक, रचनात्मक तथा बौद्धिक क्षमतालाई नष्ट गरिरहेको छ भन्दा तथाकथित विद्वान्हरू यो विचारमा सहमत हुन सक्दैनन् । घोक्ने-घोकाउने र परीक्षामुखी औपचारिक पाठ्यक्रमले स्वच्छ सिकारुलाई रोगी बनाइरहेको छ भन्ने तर्क रुसोको विचारसँग मेल खाए पनि हामी त्यसलाई परिमार्जन गर्ने सोचमा छैनौँ ।

संरचनावादी सोचले सिकारुलाई गलायो, अभिभावकलाई तर्सायो, शिक्षकलाई सक्रिय अनि विद्यार्थीलाई निष्क्रिय बनायो; विद्यालय तथा महाविद्यालयलाई वस्तु उत्पादन गर्ने कारखाना बनायो; विश्वविद्यालयहरू आविष्कारमुखी भन्दा पनि उत्पादनमुखी प्रतिस्पर्धाको स्थल बने; विद्यार्थीले सिकाइमा आफ्नो स्थान बिर्से; शिक्षकले पाठ्यक्रमभित्रको पाठ्य घण्टीमा आफूलाई विस्थापित गरे; सामाजिक सांस्कृतिक पुनर्उत्पादन भन्ने मान्यता स्खलित भयो भने ज्ञानका लागि ज्ञान भन्ने यथास्थितिवादी कथनले बलियो स्थान पायो । यी सबै कठोर औपचारिक पाठ्यक्रमका उत्पादन मात्र नभई आधुनिक समयमा पुनर्उत्पादन समेत बन्ने परिस्थिति सिर्जना भयो; जसले विद्यार्थीलाई दिन प्रतिदिन औपचारिक शिक्षाप्रति नैराश्यता पैदा गर्दै लग्यो ।

शिक्षा र शिक्षण फरक कुरा हुनुनपर्ने हो, शिक्षाका लागि शिक्षण गरिनुपर्ने तर शिक्षणलाई केवल पूर्वनिर्धारित पाठ्यक्रमले तोकेका विषयवस्तु विद्यार्थीलाई जबर्जस्ती पेलाइदिने माध्यमका रूपमा हेरियो । कक्षा कोठामा फरक-फरक रुचि, क्षमता, आवश्यकता तथा सामाजिक-सांस्कृतिक परिवेश भएका विद्यार्थी हुन्छन् भन्ने तथ्य औपचारिक पाठ्यक्रमले ख्याल गर्न सक्दैन । शिक्षकले सिकारु अनुसारको सिकाइ र आफ्नो विवेक अनुसारको बुझाइ विद्यार्थीलाई बताउन औपचारिक पाठ्यक्रमले सक्दैन । शिक्षक एक दन्त्यकथाको वाचकजस्तै औपचारिक पाठ्यक्रमप्रति वफादार रही आफूलाई पूरै समय कक्षाकोठाभित्र बेच्दछ; सिकारु आफूलाई पूर्ण रूपमा बिर्सेर बेग्लै दुनियाँको अनुभूति गर्दै आफ्नो अमूल्य समय कैदीका रूपमा कक्षाकोठाभित्र बिताउँछ । नक्कली राजकुमारका रूपमा शिक्षक-विद्यार्थी दुवै औपचारिक पाठ्यक्रमले जताजता धकल्यो त्यतैत्यतै पछि लाग्छन् ।

अहिलेको समय सूचना प्रविधिमैत्री भइसकेको छ; सिकारुले शिक्षक र पाठ्यपुस्तकलाई भन्दा आफ्नो हातमा भएको मोबाइल, ल्यापटप र कम्प्युटरलाई विश्वास गर्दछ । उसले शिक्षक र पाठ्यपुस्तकको विश्वास पनि किन गरोस् ? आफ्नो अगाडि उभिएको शिक्षक गुरुकुलको वेदवाचक जस्तो छ, आफूसँग भएको पाठ्यपुस्तक पाण्डित्यवादको बाइबलजस्तो छ तर विद्यार्थीसँग भएको मोबाइलमा हरेक समय नयाँ-नयाँ ज्ञानहरू अपडेट भइरहेका छन् । सिकारुले जुन कुरा सिक्न चाहन्छ त्यो आफ्नो मोबाइल र ल्यापटपबाट सिक्न पाउँछ, परीक्षा दिनका लागि उसले किताब पढ्नुपर्दैन, नोट लेख्नुपर्दैन अनि शिक्षकको प्रवचन सुन्नुपर्दैन, 'एआई'को प्रयोग गरेरै परीक्षाको तयारी गर्न सक्छ । ज्ञान लिन वा परीक्षाको तयारी गर्न मोबाइल र ल्यापटप भए पुग्छ, अनि जागिर गर्न फेरि छुट्टै तयारी गर्नुपर्छ भने जीवनको तयारीका लागि औपचारिक पाठ्यक्रमभन्दा बाहिरको संसारै काफी छ ।

यसर्थ विद्यालय र विश्वविद्यालयको मेरुदण्डका रूपमा मानिएको कठोर औपचारिक पाठ्यक्रम दिन प्रतिदिन पतनको दिशामा छ । सिकाइ व्यक्तिको जीवनसँग जोडिनुपर्दछ । सिकेको कुरा सकेसम्म उसको वर्तमान जीवनमा प्रयोगमा आउनुपर्छ, त्यति भएन भने निकट भविष्यमा प्रयोगमा आउने सिकाइ व्यक्तिले प्राप्त गर्नुपर्छ, शिक्षालाई व्यक्तिको जीवनसँग जोडेर हेर्नुपर्छ । के र कति सिक्यो भन्दा पनि सिकेको कुरा जीवनमा कहाँ, के-कति मात्रामा प्रयोगमा आयो भन्ने चिन्तनबाट अबको शिक्षालाई हेरिनुपर्छ ।



पाठ्यक्रमलाई सैद्धान्तिक ज्ञानको ठेलीको रूपमा हेर्नुभन्दा व्यावहारिक ज्ञानको बास्केटका रूपमा बुझ्नुपर्छ । कठोर प्रकृतिको पाठ्यक्रमलाई विद्यार्थी, अभिभावक र शिक्षक मिलेर सामूहिक रूपमा जलाउनुपर्छ । पाठ्यक्रम निर्माणको जिम्मा विद्यार्थी, शिक्षक र अभिभावकलाई प्रदान गरिनुपर्छ । पाठ्यक्रमसम्बन्धी नीतिको तर्जुमा सम्पूर्ण सरोकारवालाहरूको गोलमेच सम्मेलनबाट गरिनुपर्दछ । हरेक दिन परिवर्तन हुन सक्ने लचिलो पाठ्यक्रमको नीति अवलम्बन गरिनुपर्छ । यति गरेपछि कठोर प्रकृतिको औपचारिक पाठ्यक्रममा व्यापक सुधार आउन सक्छ । विद्यार्थीको परिस्थिति सुध्रन सक्छ । शिक्षकको मनस्थिति सुध्रन सक्छ । अभिभावकको अपेक्षा बदलिन सक्छ । समाजको दिशा परिवर्तन हुन सक्छ । होइन भने कठोर प्रकृतिको औपचारिक पाठ्यक्रमको अवधारणा कुनै दिन अवश्य पतन हुनेछ । (लेखक मध्यपश्चिम विश्वविद्यालयमा उप-प्राध्यापक छन् ।) रातोपाटीबाट

## साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपि अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# क्षयरोग विरुद्धको लडाईमा बाटो मोडौं

अविनास पौडेल

इतिहाससँगै करिब २० हजार वर्ष लामो यात्रा गरेको क्षयरोगको जीवाणु "माइकोब्याक्टेरियम ट्युबरक्युलोसिस' आज पनि मानव जातिको निम्ति निरन्तर एउटा चुनौती बन्दै आइरहेको छ । फ्रान्सेली लेखक एलेक्जेन्डर दुमास भन्छन्, "क्षयरोगबाट ग्रसित हुनु फेसन जस्तै थियो । सबैजना क्षयरारोगबाट संक्रमित थिए; विशेष गरी कविहरू, केही भावनात्मक उत्तेजनाहरू पछि रगत खोक्ने र तीस वर्षको उमेर नपुग्दै जवानीमै मर्नु राम्रो मानिन्थ्यो ।" १९औँ शताब्दीको एक समय यस्तो थियो जतिबेला युरोपमा कविताहरू क्षयरोगको वर्णनमा लेखिएका हुन्थे भने उपन्यासहरु क्षयरोगले संक्रमित पात्रहरूको भावनामा केन्द्रित हुन्थे । समग्र युरोपेली साहित्यमा त्यो स्तरको प्रभाव जमाएको क्षयरोगले समाजलाई कुन हदसम्म प्रभावित पार्यो होला भन्ने कुरा आँकलन गर्न सकिन्छ ।

श्वासप्रश्वास प्रणालीको प्रमुख अङ्ग फोक्सोमा असर गर्ने एक संक्रामक रोग हो क्षयरोग । यो रोगले मुख्यतया फोक्सोमा असर गर्ने भएता पनि शरीरका अन्य अंगहरुमा पनि असर गर्दछ । संक्रमित व्यक्तिले खोक्दा, हाछ्युँ गर्दा, बोल्दा खेरी थुकको छिटा अथवा अन्य प्रकारका श्वासप्रश्वास बाट निस्किने तरल पदार्थ मार्फत माइको ब्याक्टेरियम ट्युबरक्युलोसिस नामक जीवाणु सरेर लाग्ने यो रोगमा जीवाणुको मात्रा, रोगको प्राकृतिक चरणहरु, लक्षणहरु, निदान, उपचार, जटिलता लगायतका चिकित्सा विज्ञानले स्थापित गरेका आफ्नै सर्तहरु रहेका छन् ।

विश्व स्वास्थ्य संगठन को प्रतिवेदन अनुसार सन् २०२२ मा मात्रै क्षयरोगका कारण संसारभरि १३ लाख मानिसहरुको मृत्यु भयो । जसमध्ये ८० प्रतिशत मृत्यु निम्न तथा मध्यम आय भएका राष्ट्रहरूमा भएको थियो । गरिबी, अत्यधिक भीडभाड र सीमान्तीकृत समुदायमा बाँचिरहेका मानिसहरुलाई असमान रूपमा असर गर्ने यो रोग दरिद्रता, कलंक र पारिवारिक एक्लोपनको पनि कारण बनिरहेको प्रसस्त तथ्यहरु रहेका छन् । तसर्थ, क्षयरोग केवल एक चिकित्सा समस्या मात्र होइन, यो त एक सामाजिक मुद्दा पनि हो जुन रोगको अन्तर्निहित निर्धारकहरूलाई सम्बोधन गर्न बहुपक्षीय प्रयासहरूको आवश्यकता पर्दछ ।

यस लेखमा, म क्षयरोगको जोखिम र बोझलाई प्रभावित गर्ने विभिन्न सामाजिक कारकहरू र संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (एसडीजी) को एक लक्ष्यको रूपमा सन् २०३० सम्ममा क्षयरोग अन्त्य गर्न प्रभावित समुदाय र नागरिक समाजलाई संलग्न गराउने महत्वको बारेमा छलफल गर्नेछु ।

मानव दिमागमा चिप्स जोड्ने, अङ्ग प्रत्यारोपण गर्ने तहसम्म चिकित्सा विज्ञान पुग्दा पनि क्षयरोगका कारण अझै लाखौं मानिसहरुले ज्यान गुमाइरहनु आजको प्रविधिको विकासको निम्ति चुनौतिको विषय हो । 'माइकोब्याक्टेरियम' जिनस करिब १५ करोड वर्ष अगाडि नै उत्पत्ति भएको मानिएको छ । पुरानो ग्रिसमा क्षय रोगलाई 'फ्थाइसिस' भनेर भनिन्थ्यो जसको मतलब हुन्थ्यो क्षय । फ्रान्स र इङ्ल्यान्डमा क्षयरोगलाई 'किङ्स इभिल' भनेर भनिन्थ्यो र राजाले छोएपछि निको हुन्छ भन्ने अन्धविश्वास पनि त्यस समयमा थियो । भारतीय उपमहाद्वीपमा पनि क्षयरोगलाई 'शोष' भनिन्थ्यो जसको अर्थ हुन्छ 'शोषण गर्ने' । क्षयरोगले शरीरको सबै तरल पदार्थ शोष्छ भन्ने चेतना त्यस समयको समाजमा थियो ।

त्यति मात्र नभएर यसलाई 'राज्य यक्ष्मा' भनेर पनि भनिन्थ्यो यसको मतलब हुन्थ्यो राजाको रोग । त्यतिमात्र हैन क्षयरोगलाई कसै-कसैले रोमान्टिक र आदर्श पनि बनाए, जसले यसलाई कलात्मक प्रतिभा, आध्यात्मिक शुद्धता वा महान् दुःखकष्टको सङ्केतको रूपमा हेरे । क्षयरोगलाइ थुप्रै लेखक, कवि, सङ्गीतकार र चित्रकारहरूले सिर्जनशीलता, सुन्दरता वा त्रासदीको स्रोतको रूपमा चित्रण गरे ।

१८औँ शताब्दीमा युरोपमा क्षयरोको महामारी फैलियो । र क्षयरोगका कारण वार्षिक १ लाख जनामा ९०० जनासम्मको मृत्युको लहर चल्यो । औद्योगिक क्रान्तिको दौरानमा पनि सामाजिक अवस्थामा आएको परिवर्तन, अव्यवस्थित सहरीकरण, अपर्याप्त स्रोतहरू, अव्यवस्थित कार्यस्थल, कुपोषण र अन्य कारणहरूले गर्दा युरोप क्षयरोगले ग्रस्त भयो । वनस्पति विज्ञानका विद्यार्थी हर्मन ब्रेमरले (जो आफै क्षयरोगबाट संक्रमित थिए) पहिलोपटक क्षयरोग निको हुन सक्ने रोग हो भनेर भने लामो समय क्षयरोगको संक्रमणको प्रकृति लगायतका कुराहरुमा अध्ययन भयो । १८८२ मार्च २४ मा 'सोसाइटी अफ फिजियोलोजी'मा वैज्ञानिक रोबर्ट कोचले माइकोब्याक्टेरियम ट्युबरक्युलोसिस पत्ता लगाएको घोषणा गरे । केही दशकको अध्ययनपछि क्षयरोग विरुद्धको बिसिजी खोप पत्ता लाग्यो र क्षयरोग विरुद्धका एन्टिबायोटिक्सहरु पनि बने ।

इतिहासमा सताब्दी बिताएपनी क्षयरोग विगतको रोग भने होइन, यो त वर्तमान र भविष्यको खतरा हो । विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२२ मा १३ लाख मानिसको मृत्यु भएको क्षयरोग कोभिड-१९ पछिको दोस्रो प्रमुख संक्रामक हत्यारा हो । आजपनि क्षयरोग एक विश्वव्यापी जनस्वास्थ्य चुनौतीको रूपमा रहेको छ, विशेष गरी निम्न र मध्यम आय भएका देशहरूमा, जहाँ एचआईभी, औषधि प्रतिरोध, बसाइँसराइ र सामाजिक असमानताजस्ता कारकहरू निर्धारक तत्वको रुपमा रहेका छन् ।

क्षयरोगले विभिन्न जनसंख्याका समूहहरुलाई उनीहरूको जोखिम, संवेदनशीलता र स्वास्थ्य सेवाहरूमा पहुँचको आधारमा फरक फरक प्रभाव पार्दछ । सबैभन्दा कमजोर जनसंख्यामा कैदीहरू, आप्रवासीहरू र सामाजिक रूपमा सीमान्तकृत व्यक्तिहरू पर्दछन, जसले प्रायः क्षयरोग रोकथाम, निदान र उपचारमा धेरै जोखिमका कारकहरू र अवरोधहरूको सामना गर्ने गरेका छन् । एक अध्ययन अनुसार , कैदीहरूमा क्षयरोगको भार (प्रिभालेन्स) सामान्य जनसंख्याको तुलनामा २३ गुणा बढी थियो । एक मेटा-विश्लेषणले आप्रवासीहरूमा क्षयरोगको नयाँ केशहरु सोहि देशमा जन्मिने जनसंख्याको तुलनामा १५ गुणा बढी रहेको पत्ता लगाएको छ ।

सामाजिक रूपमा सीमान्तकृत व्यक्तिहरू, जस्तै गरिबी, झुपडी वा घरबारविहीन भएका मानिसहरूले पनि क्षयरोगको उच्च जोखिमको सामना गर्नुका साथै कलंक, भेदभाव र सामाजिक बहिस्कारको सामना गरिरहेका छन् । युरोपका १० वटा शहरमा गरिएको एक अध्ययनले घरबार विहीन मानिसमा क्षयरोगको व्यापकता सामान्य जनसंख्याको तुलनामा १७ गुणा बढी रहेको देखाएको छ ।

स्वास्थ्य सेवाको पहुँचः क्षयरोगको रोकथाम, निदान र उपचारका लागि गुणस्तरीय र किफायती स्वास्थ्य सेवामा पहुँच आवश्यक छ । डब्लुएचओका अनुसार सन् २०२० मा अनुमानित क्षयरोगका बिरामीमध्ये ७१ प्रतिशत मात्र पत्ता लगाएर सूचित गरिएको थियो र नयाँ र पुनरुत्थान भएका बिरामीहरूको उपचार सफलता दर ८५ प्रतिशत थियो ।

चिकित्सा विज्ञानको प्रगति हुँदै जाँदा मानवजातिले सङ्क्रमक रोगहरू विरुद्ध निरन्तर धावा बोलेको कुरा सत्य हो । संसारभरि रोगको ढाँचा बदलिएर सर्ने रोगहरुबाट नसर्ने रोगहरु तर्फ ढल्किसकेको छ । यस्तो अवस्थामा पनि १३ लाख व्यक्ति क्षयरोगको कारण मृत्यु हुने घटनाक्रम अझै रोकिएको छैन । हामीसँग क्षयरोग विरुद्धको खोप छ, हामीसँग क्षयरोग विरुद्धका एन्टिबायोटिक्स औषधिहरू छन्, हामीसँग सरकारको उच्च प्राथमिकतामा रहेको डट्स जस्ता कार्यक्रमहरू पनि छन् । तर पनि क्षयरोग हाम्रो निम्ति चुनौती बनिरहेकै छ । यस्तो किन भइरहेको छ ?

यो यसकारण भइरहेको छ कि हामीले क्षयरोगलाई र संक्रमित बिरामीलाई बायोमेडिकल दृष्टिकोणबाट मात्रै हेरिरहेका छौं । जब कुनै बिरामीलाई बायोमेडिकल दृष्टिकोणबाट मात्रै हेरिन्छ तब उसको शरीर एउटा मेसिन बन्छ । अङ्ग र कोडसहितका फाइलहरूमा उसको रोग सीमित हुन्छ । ऊ एउटा जीवाणु बोकेर हिँडिरहेको कच्चा पदार्थ बन्छ ।

२०१८ मा ल्यान्सेटमा प्रकाशित एक अनुसन्धानको रिपोर्ट अनुसार गरिबी निवारण मात्र गर्न सकियो भने २०३५ सम्म क्षयरोगको समस्या ८४% सम्म कम हुन सक्छ । त्यही प्रतिवेदनले क्षयरोगबाट हुने मृत्युको ९५% मृत्यु निम्न तथा मध्यम आय भएका देशहरुमा भइरहेको पनि दाबी गरेको छ । महामारीको समयमा युरोपमा श्रमिकहरूको मृत्युदर एक तिहाई(१/३) थियो भने उपल्लो वर्गको मृत्युदर १/६ थियो । यसबाट के प्रष्ट हुन सकिन्छ भने हामीले क्षयरोग जस्ता रोगहरुलाई सामाजिक र आर्थिक दृष्टिकोणले पनि हेर्नुपर्छ र बायोमेडिकल दृष्टिकोणले मात्रै हामीलाई कुनै पनि निकास दिन सक्दैन किनकि एउटा बिरामी जीवाणुको कारणले मात्रै रोगि हुँदैन उसको सामाजिक आर्थिक पर्यावरणले उसलाई रोगि बनाइरहेको हुन्छ ।

औद्योगिक क्रान्तिको समयमा युरोपमा जे भयो, त्यो तेस्रो विश्वले आज पनि भोगिरहेकै छ । अव्यवस्थित सहरीकरण, सुकुम्बासी बस्तीहरु, कुपोषण, अव्यवस्थित कार्यस्थल, सरसफाइको अभाव आज पनि हाम्रो समाजका विशेषता बनिरहेका छन् । यी सबैको जड हो आर्थिक असमानता ।

क्षयरोग विरुद्ध बनेका एन्टिबायोटिक्सहरूप्रति पनि बिस्तारै माइकोबक्टेरियम ट्युबरक्युलोसिसले प्रतिरोध देखाउन थालेको छ । हिजो जब युरोप महामारीले ग्रस्त थियो त्यस समय यसका निम्ति प्रशस्तै काम हुन्थे । आज तेस्रो विश्व चिच्याइरहेको छ तर हामीसँग कुनै नयाँ एन्टिबायोटिक बनेको छैन । यसले गर्दा नै होला आजको विश्व एन्टिबायोटिक प्रतिरोधको विषयमा घोतलिरहेको छ । तर पनि सामाजिक र आर्थिक कारकहरुलाई सम्बोधन नगरिकन क्षयरोग जस्ता रोगहरूको उन्मुलन सम्भव छैन । उपचार र उपचार पद्धतिकै मात्र कुरा यदि गर्ने हो भने हामी सुधार त गर्न सक्छौं तर यो महामारीको अन्त्य गर्न सक्दैनौं ।

क्षयरोगको उन्मूलन डीएनए सिक्वेन्सिङ अथवा अन्य छोटो समयका लागि प्रयोग हुने औषधिको विकासबाटमात्रै सम्भव छैन । बायोमेडिकल प्रविधिको विकासको निम्ति दुई अनिवार्य सर्त छन्- पैसा र समय । जुन क्षयरोगका बिरामीहरूसँग छैन । त्यसकारण क्षयरोगसँगको लडाई केवल एउटा जीवाणुसँग मात्र होइन समग्र विचारधारासँग पनि हुनुपर्छ । (कार्टर,२०१८) यसरी समग्रतामा हेर्दा उपचार र उपचार पद्धतिमा मात्रै केन्द्रित रहेर बिरामीको शरीरलाई ध्यानमा राखेर र केवल 'माइकोबक्टेरियम ट्युबरक्युलोसिस' विरुद्धको मात्र लडाई लड्ने हो भने हाम्रो विजय सम्भव छैनेकर । अब हाम्रो लडाई असमानताको अन्त्य गर्ने तर्फ, सामाजिक संरचनालाई ध्यानमा राखेर स्वास्थ्यका वृहत सामाजिक निर्धारकहरु तर्फ केन्द्रित हुनुपर्छ ।

स्वाथ्यखबरबाट


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालबिवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# दुग्ध उत्पादक किसानहरुद्वारा प्रदर्शन




**राजविराज**/सप्तरीको महुली सडकखण्डमा दुग्ध उत्पादक किसानहरुले बिहीबर प्रर्दशनसहित दुध ढुवानी गर्ने ट्याँकर सडक मै तेर्स्याएर प्रर्दशन र चक्का जाम गरेका छन् ।

दुधको ट्याँकरलाई सडक मै तेर्स्याएर अवरोध गरेपछि दिउँसो १२ बजेदेखि दिउसो १ बजे सम्म राजमार्गको आवागमन पुर्णरुपमा ठप्प बन्यो ।

दुध वापतको करोडौ रुपैया भुक्तानी, भारतबाट अवैध रुपमा भित्रिने गरेको दुध तथा दुग्धजन्य पर्दाथमा रोक, दुधको मूल्यमा एकरुपता लगायतका विभिन्न माग राखी उनीहरु आन्दोलनमा उत्रेका हुन् ।

दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध किसानहरुले यस अघि घोषणा गरेको सडक मै दुध पोखेर विरोध गर्ने कार्यक्रम परिवर्तन गरी चक्का जामका कारण रोकिएका सवारी सधानका यात्रुलाई दुधको गोरख बनाएर खुवाएका छन् ।

दुधलाई पोखेर नस्ट गर्नू भन्दा अरुलाई निःशुल्क खुवाउनु नै उचित हुने भनी दुग्ध उत्पादक किसानहरुको सुझाव आएपछि सडकमा दुध पोख्ने कार्यक्रम परिवर्तन गरिएको संघर्ष समितिका संयोजक दिपेन्द्र कुमार आर्चायले बताए ।

सडक मै नाचगान गरेर विरोध जनाएका आन्दोलनकारीहरुले दुधको ८ करोड भन्दा बढी बाँकी बक्यौता भुक्तानी गर, दूधको मुल्यमा एकरुपता कायम गर, कृषिमा विचौलियाको अन्त्य गर, भारतीय दुधको प्रवेशमा रोक लगाउ, स्वदेशी उत्पादकलाई प्रोत्साहन गर लगायतका नारा अंकीत प्लेकार्ड सहित नाराबाजी समेत गरे ।

सरकारको ध्यानाकर्षण गराउन आफुहरु यस किसिमको सडक संर्घषमा उत्रिन बाध्य भएको संघर्ष समितिका संयोजक आर्चायको भनाई छ । उनले धर्ना र सडक जाम लगायतका कार्यक्रमबाट पनि सरकारले समस्या समाधानका लागी गम्भिरता नदेखाए फागुन २१ देखि काठमाण्डौ माईतीघर मण्डेलमा पुगी आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन् ।

दुग्ध उत्पादक किसानहरुले सरकारी स्वामित्वमा रहेको विराटनगर स्थित दुग्ध विकास संस्थान वितरण आयोजनामा ४ करोड तथा अन्य निजी डेरी उधोगमा ४ करोड गरी किसानहरुले बेचेको दुधवापत ८ करोड रुपैया विगत ९ महिना देखि भुक्तानी पाउन नसकेको बताएका छन् ।

मधेश प्रदेशका ८ जिल्ला मध्ये सबै भन्दा बढी सप्तरीमा दुध उत्पादन हुने गरेको छ । दुग्ध उत्पादक सहकारी संस्था सप्तरीका अनुसार जिल्लामा दैनिक २५ हजार लिटर दुध उत्पादन हुने गरेको छ ।

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

# अन्तर्राष्ट्रिय समाचार

## समान अधिकार नपाएसम्म राष्ट्रिय सभामा गतिविधि अघि बढाउन नदिने अडानमा पीटीआई

**इस्लामाबाद**/पाकिस्तानको सत्तारूढ गठबन्धनको कडा आलोचना गर्दै पाकिस्तान तेहरीक-ए-इन्साफका नेता जुनैद अकबरले आफ्नो पार्टीलाई उचित अधिकार प्रदान नगरेसम्म राष्ट्रिय सभाका गतिविधि अघिबढ्न नदिने बताउनुभएको छ ।

पूर्व प्रधधानमन्त्री खान निकटस्थ स्वतन्त्र सांसद्हरूको समूह सुन्नी इत्तेहाद काउन्सिल (एसआइसी) सदस्य तथा पीटीआई नेताले संसद्को तल्लो सदनमा आफ्नो भाषणमा राष्ट्रिय सभालाई चल्न नदिने बताउनुभएको हो ।

अकबरले आफूहरूले राष्ट्रिय सभालाई मान्यता नदिएको बताउदै कानून बनाउने तथा अनुमति दिने कुनै पनि कार्य गर्न नदिइने उल्लेख गर्नुभएको छ ।  इमरान खानद्वारा स्थापित पीटीआईले फेब्रुअरी ८ को आम चुनावको समयमा आफ्नो जनादेश चोरी भएको दाबी गर्दै उक्त चुनावलाई धाँधलीयुक्त चुनावको संज्ञा दिएको छ ।

निर्वाचन प्रयोजनका लागि बनेको कामचलाउ सरकारले चुनावको दौडानमा समान अवसर अस्वीकार गरेको आरोप लगाएको छ । अकबरले पाकिस्तान पिपुल्स पाटी सिन्ध हाउसमा राजनीतिक लेनदेनको बजार स्थापना गरी विधायकहरूको चेतना किनेको जनाउनुभएको छ ।

पिटिआईसँगको कथित भेदभावका उल्लेख गर्दै सांसदले मे ९ को घटनाको बहानामा आफ्नो पार्टीको चुनावी चिन्ह 'ब्याट' खोसेको र पटकपटक पार्टीका संस्थापक नेता खानको हत्या प्रयास गरिएको पनि उहाँले बताउनुभयो ।

मे ९ मा पीटीआईका करिब ३४ जना समर्थकको हत्या भएको बताउँदै खानले स्थापना गरेको पार्टीको नेतृत्वविरुद्ध विभिन्न झुट्टा मुद्दा दर्ता गरिएको पनि उहाँले बताउनुभयो । उहाँले आफु र आफ्ना साथीहरूविरुद्ध राजद्रोहको मुद्दा दर्ता गरिएको भन्दै निर्दोष व्यक्तिविरूद्धका सबै मुद्दा खारेज हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

फेब्रुअरी ८ को आम चुनावमा भएको कथित धाँधलीको बारेमा कुरा गर्दै पीटीआई नेता अकबरले धारा ४५ अनुसार हार बेहारेका व्यक्तिलाई सदनमा लगिएको दावी गर्नुभयो ।

संविधानको उल्लङ्घन र देशलाई हानि पुऱ्याएको सत्ताधारी गठबन्धनलाई जवाफदेही बनाउने वाचा पनि उहाँले गर्नुभयो ।

पीटीआईले सरकार र पाकिस्तानका मुख्य न्यायाधीश काजी फैज इसालाई मे ९ को हिंसाको लाभार्थी पत्ता लगाउन नयाँ अनुसन्धान सुरु गर्न आग्रह गरेको जियो न्यूजले जनाएको छ । एजेन्सी

## गाजामा गरिएको इजरायली कारबाहीमा नौ हजार महिलाको मृत्यु : राष्ट्रसङ्घ

**संयुक्त राष्ट्रसङ्घ**/सन् २०२३ अक्टोबर ७ मा इजरायलविरूद्ध प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास) ले गरेको आक्रमणको बदलामा गाजामा इजरायली सेनाद्वारा चलाएको हवाई तथा जमिनी कारबाहीमा करिब नौ हजार महिलाहरूको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय महिला कार्यक्रम (यूएन वुमन)ले शनिबार जनाएको छ ।

धेरै महिलाहरू भग्नावशेषमुनि परेको रिपोर्ट गरिएकाले यो आँकडा सम्भवतः कम भएको उक्त निकायले जनाएको छ । गाजामा युद्धका कारण दैनिक औसत ६३ महिलाको मृत्यु हुने गरेको छ । युद्धले गर्दा प्यालेष्टिनी महिलाहरूले परिवारका अन्य सदस्य गुमाउनु परेको र बाँचेका बालबच्चासमेतलाई असुरक्षाको अवस्था सिर्जना भएको यूएन वुमनले जनाएको छ ।

हरेक पाँचमध्ये चारभन्दा बढी वा ८४ प्रतिशत महिलाले उनीहरूको परिवारले द्वन्द्व सुरु हुनुअघि प्रयोग गरेको आधा वा कम खाना खाने गरेको रिपोर्ट राष्ट्रसङ्घीय निकायले गरेको छ ।

गाजामा पाँचमध्ये चार अर्थात् ८४ प्रतिशत महिलाले गरेको रिपोर्ट अनुसार उनीहरूका परिवारका सदस्यले गत हप्तादेखि खाना छोड्नु परेको छ । तीमध्ये ९५ प्रतिशत आमाहरू खाना बिना नै बस्ने तथा आफ्ना बच्चालाई खुवाउनका लागि आफूहरूले खानामा सम्झौता गर्ने गरेको यूएन वुमनले जनाएको छ ।

गाजाको २.३ मिलियन जनसङ्ख्याले केही हप्ताभित्र खाद्य असुरक्षाको गम्भीर स्तरको सामना गर्नुपर्नेछ ।

गाजा सर्वेक्षणमा १२ मध्ये १० महिला सङ्गठनहरूले आवश्यक आपतकालीन प्रतिक्रिया सेवाहरू प्रदान गर्दै आंशिक रूपमा खाद्यान्न सहयोग वितरण गरेको रिपोर्ट गरेका छन् ।

तत्काल मानवीय युद्धविराम नभएसम्म आगामी दिनमा अझ धेरैको मृत्यु हुने उल्लेख गर्दै उक्त राष्ट्रसङ्घीय निकायले गाजामा आवश्यक पूर्वाधारको विनाश र बम विस्फोट रोक्न र तत्काल गाजामा मानवीय सहायता पुऱ्याउन आग्रह गरेको छ । एजेन्सी

# सबै पालिकामा अनुगमन हुने

**राजविराज**/ महिनाको एक पटक सप्तरीको सबै पालिकामा अनुगमन हुने भएको छ। संयुक्त बजार अनुगमन समितिको बसेको बैठकले यस्तो निर्णय गरेको हो।

सो बैठकले दशैं र तिहार जस्ता चाडपर्वको बेला आवश्यकता अनुसार थप अनुगमन गर्ने समेत निर्णय गरेको छ।

प्रमुख जिल्ला अधिकारी किरण थापाको अध्यक्षता तथा सरोकारवाला सम्पूर्ण कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा बुधबार सम्पन्न बैठकले हरेक अनुगमन जिल्ला प्रशासन कार्यालयसँगको संयोजकत्वमा गरिने जनाएको छ।

बैठकमा सरोकारवाला निकायले अनुगमन गरी आ-आफ्नो कार्यालय अनुसार छुट्टाछुट्टै अनुगमन गर्दा सम्बन्धीत कार्यालयको सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालयमा जानकारी गराई अनुगमन पश्चात् जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन पेश गर्ने निर्णय पनि भएको छ।

बैठकले खाद्यान्न, फलफुल र तरकारी, विषाधी, मल, प्रशोधित खाद्य वस्तु, होटल, रेष्टुरेन्ट, मिठाई पसल, मासु, माछा, पशुपंक्षी, पोल्टी फर्म, नयाँ पसल व्यवसाय दर्ता तथा नविकरण, औषधी पसल, क्लिनिक, नसिंङ होम, मदिरा पसल तथा मदिराजन्य उद्योग पसल र त्यस्तै प्रकृतीको अन्य पसलहरुमा अनुगमन गरिने सर्वसम्मतबाट निर्णय भएको छ।

# सहमतिपछि दुई पालिकाको ताला खोलिए

**राजविराज**/ राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङ तथा अग्निसाइर कृष्णासवरण गाउँपालिकाका अध्यक्ष दिनानाथ चौधरीको कार्यकक्षमा लगाइएको ताला सहमति पश्चात् खोलिएको हो।

राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गुरुङको कार्यकक्षमा फागुन १ गते तालाबन्दी गरिएको थियो। आफूलाई गैरकानुनी ढंगले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय फिर्ता पठाउने निर्णय गरिएको भन्दै गुरुङ नगर कार्यपालिका र कार्यवाहक नगरप्रमुख इसरत परविनलाई विपक्षि बनाउँदै उत्प्रेशन मुद्दा लिएर अदालत पुगेपछि आक्रोसित बनेका केही वडाअध्यक्षले उनको कार्यकक्षमा तालाबन्दी गरेका थिए।

प्रमुख जिल्ला अधिकारी किरण थापाको उपस्थितिमा बुधबार कार्यवाहक नगरप्रमुख परविन, प्रमुख प्रशासकीय अधिकृत गुरुङ, सुरक्षा निकायका प्रमुख तथा सरोकारवालाहरुको बैठकबसी सहमति गराइएपछि तालाबन्दी खुलेको हो।

सो क्रममा दुबै पक्षले एक अर्काको अधिकार क्षेत्रमाथी अनावश्यक हस्तक्षेप नगर्ने तथा नगरपालिकाको दैनिकी कामकाज, सेवा र विकास निर्माण कार्य प्रभावित हुन नदिन एक आपसमा समन्वय गरि अघि बढ्ने प्रतिबद्धता जनाइएको थियो।

उच्च अदालत जनकपुर राजविराज इजलाशले गुरुङकै पक्षमा आदेश जारि गरेपनि दुबैबीच समझदारी बन्न नसक्दा गुरुङको कार्यकक्षमा तालाबन्दी कायमै रहेको थियो। जसकारण नगरपालिकाको दैनिकी कामकाजका साथै विभिन्न सेवाप्रवाह र आर्थिक कारोबार ठप्प भएको थियो।

यस्तै विवादित जग्गाको सिफारिसको विषयलाई लिएर गत चार दिनअघि अग्निसाइर कृष्णासवरण गाउँपालिकाका अध्यक्ष दिनानाथ चौधरीको कार्यकक्षमा केही वडाअध्यक्षहरुले गरेको तालाबन्दी पनि बुधबारै खोलिएको छ।

संघर्ष समितिका संयोजक समेत रहेका वडा अध्यक्ष अरुण कुमार चौधरीसहितको टोली तथा गाउँपालिका अध्यक्ष चौधरी नेतृत्वको टोलीबीचको वार्तामा चार बुँदे सहमति भएपछि तालाबन्दी खोलिएको हो।

यसअघि गाउँपालिका अध्यक्ष चौधरीले गरेको इटहर्वा बजारको जग्गा सिफारिस पत्रलाई संशोधन गरि भूमिसुधार तथा मालपोत कार्यालयलाई अर्को सिफारिस पत्र पठाउने, अब उपरान्त गाउँपालिकाको कामकाज प्रभावित हुने गरि कुनै कार्य नगर्ने/गराउने, जनप्रतिनिधि र कर्मचारीमाथी सम्मानजनक व्यवहार गर्ने, कुनै समस्या भए वार्ता र छलफलका माध्यमबाट समाधान खोज्ने सहमति बनेको संघर्ष समितिले जनाएको छ।

# न्यून गुणस्तरका तीन औषधि बिक्री वितरणमा रोक

**काठमाडौं**/औषधि व्यवस्था विभागले तीन वटा औषधिको बिक्रीवितरणमा रोक लगाएको छ।

विभागका महानिर्देशक नारायणप्रसाद ढकालले राष्ट्रिय औषधि प्रयोगशालामा परीक्षण गर्दा न्यून गुणस्तर पाइएकाले ती औषधिको बिक्रीवितरणमा रोक लगाएको जानकारी दिएका छन्।

उनका अनुसार लोमस फर्मास्युटिकल्स प्रालिद्वारा उत्पादित 'मेट्रो सस्पेन्सन' नामक मेट्रोनिडाजोल २०० एमजी र 'हेल्माप्रेन' नामक अबलेन्डाजोल ४०० एमजी ट्याब्लेट तथा फर्माको इन्टस्ट्रिज लिमिटेडद्वारा उत्पादित 'मेट्रो पी' नामक मेट्रोनिडाजोल २०० एमजीको औषधिमा न्यून गुणस्तर पाइएको हो।

उनले ती औषधि बजारमा रहे पनि तुरुन्तै फिर्ता लैजान कम्पनीलाई निर्देशन दिइएको बताए।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*